NJ: NUTA

# 'नासो' कथाभित्र पितृसत्ताको प्रभुत्वमा नारीचेतनाको स्तर

**प्रभा मरहट्टा**[1]
[1]नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल
Corresponding email: koiralaprabha@gmail.com
DOI: https://doi.org/10.3126/nutaj.v9i1-2.53862

**लेखसार**

साहित्य समाजको प्रतिविम्ब हो । यथार्थवादी कथामा समाजका यर्थाथ विवरण आउने हुँदा समकालीन समाजका स्थिति, परिवेश तथा मूल्य मान्यताहरू स्पष्ट आएका हुन्छन् । नासो कथा नारीपात्र सुभद्रालाई केन्द्रीय भूमिका दिई रचना गरिएको आदर्शोन्मुख यथार्थवादी कथा हो । यस कथामा पितृसत्ताका आडमा नारीहरूमाथि गरिएका अन्याय, शोषण, दमनलाई छोपेर आदर्श नारी कस्ता हुन्छन् देखाउन खोजिएको छ । तर यथार्थको छिद्रबाट खोतलेर उनीहरूमाथि गरिएका शोषण, दमन, विभेद, हिंसा सजिलै अध्ययन गर्न सकिने हुँदा नारीवादी दृष्टिकोणबाट पितृसत्ताको प्रभुत्व र नारीचेतनालाई अध्ययनको केन्द्रविन्दु बनाइएको छ । पुरुषवर्गको प्रभुत्व रहेको नारी दमनकारी पितृसत्तात्मक परिवेश रहेको नासो कथामा नारीहरू प्रतिको दृष्टिकोण कथाका घटनाहरू र पात्रहरूका व्यवहारबाट अनुमान लगाउन सकिन्छ । आजभन्दा करिब असी वर्षअगाडि रचना गरिएको 'नासो' कथाको परिवेश हेर्दा वर्तमान परिवेशसम्म पनि नारीहरूमाथि गरिने दमन, शोषण, हत्या र हिंसाका शृङ्खलाहरू जस्ताको त्यस्तै रहेको देखिन्छ । जतिसुकै क्षमतावान् भए पनि वा जुनसुकै पद र प्रतिष्ठामा रहे पनि नारीहरूलाई नरकै मूल्यका वरिपरि घुमाएर कठपुतली बनाउने सामाजिक तथा पारिवारिक प्रवृत्ति यथावत रहेको छ । पितृसत्ताको आडमा पुरुष वर्गमा हुर्किएको पौरुष्य अहङ्कार तथा हेपाहा प्रवृत्ति यथावत् छ । नारीहरूले आफ्ना हक, हितका पक्ष बोल्ने तथा सकेसम्म सचेत हुने प्रयास गर्दागर्दै पनि पितृसत्ताका हतियार तथा मतियार बनेका धर्म, संस्कार, नीति, शिक्षा, चेतना संयन्त्रका कारण नारीहरू कानुनी रूपमा स्थापित अधिकार प्रयोग गर्न पनि नसक्ने बनाइएका वा विविध प्रपञ्च सिर्जना गरी नदिने स्थिति सिर्जना गरिएका कारण निरीह हुनु पर्ने परिवेश छ । यस अध्ययनबाट पितृसत्ताले नारीहरूलाई मान्छेमा रूपमा नै नहेरी सदियौंदेखि पशुवत व्यवहार गर्दै आएको थियो र अझै त्यसको अवशेष बाँकी छ भन्ने निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी :* अस्तित्व, नारीचेतना, पितृसत्ता, प्रभुत्व, सामाजिक चेतना ।

## विषय परिचय

नेपाली साहित्यमा आधुनिक कथा लेखनको सुरुवात गर्ने कथाकार गुरुप्रसाद मैनाली (१९५७-२०२८) को 'नासो' कथा १९९२ सालमा शारदा पत्रिकामा प्रकाशित पहिलो कथा हो । यथार्थवादी आदर्शवादी कथा रचनाको सुरुवात गरेको मानिने यस कथामा तत्कालीन नेपाली समाजमा पितृसत्ताका आडमा नारीमाथि हुने गरेका दमन, शोषण, अन्याय आदि सजिलै अध्ययन गर्न सकिन्छ । नेपाली भाषाविद्हरूले कथा विधामा आधुनिकताको

सुरुवात गरेको तर्क गरेको यस कथामा तत्कालीन परिवेशमा नारीप्रतिको दृष्टिकोण तथा सामिाजिक व्यवहार सजिलै अनुमान लगाउन सकिन्छ । मैनालीको यो कथा नासो कथासङ्ग्रह (२०२०) मा सङ्गृहीत छ । यस कथा सङ्ग्रहभित्र रहेका 'नासो' शीर्षकको कथा लगायतका एघारवटा विभिन्न शीर्षकका कथाहरूमा पनि पितृसत्ताको चरम दमन र शोषणमा परेका नारी पात्रहरू रहेका छन् । प्रायः सबै कथाहरूमा तत्कालीन समाजमा पितृसत्ताको प्रभुत्वमा संरचित कठोर हिन्दु धर्म, संस्कार, नीति, नियम, कानुनका संयन्त्रको जाँतोमा पिल्सिएका नारी पात्र छन् । समाजमा नारीहरूको स्थिति र चेतनाको स्तर त्यहाँ चित्रण गरिएका घटनाक्रमहरूका छिद्रहरूबाट नै अध्ययन गरी विश्लेषण गर्न सकिन्छ । कथाहरूमा कुनै न कुनै आदर्श पात्र निर्माण गरी उसैका माध्यमबाट कथित नैतिक सन्देश तथा उपदेश दिने प्रयास गरिएको देखिन्छ । हिन्दु धर्मान्धताका पक्षधर, भाग्यवादी प्रवृत्ति तथा ऐश्वर्य, न्याय वा सजायमा विश्वास गर्ने मैनालीका प्रवृत्ति पनि समन्वय भई तत्कालीन सामाजिक जनजीवनमा घटेका घटनाहरू यी कथाहरूमार्फत आएका छन् । तत्कालीन पितृसत्तात्मक नेपाली समाजका धार्मिक, सांस्कृतिक तथा सामाजिक अन्धविश्वास, नारीद्वैषी रीतिरिवाज तथा परिवेशको यथार्थ चित्रण गर्दै आदर्शवादी नारी चरित्र निर्माणतर्फ उन्मुख गराएर कथाको अन्त्य गरिएको छ । 'नासो' कथामा पनि नारी पात्रलाई नै केन्द्रीय भूमिका दिएर तत्कालीन नारीहरूका पारिवारिक तथा सामाजिक समस्याका यथार्थ स्थितिलाई विषयवस्तु बनाइएको हुँदा कथामा अभिव्यक्ति पितृसत्ताको प्रभुत्वमा नारी सचेतनाको स्तर तथा समाजमा नारीप्रतिको दृष्टिकोण नारीवादी दृष्टिकोणबाट अध्ययन र विश्लेषण गर्न सकिन्छ । यस लेखमा तत्कालीन पितृसत्तात्मक हैकमवादी प्रभुत्वको चापमा थिचिएका नारी पात्रहरू र तिनका भूमिकाहरूलाई आधार बनाएर अध्ययन र विश्लेषण गर्ने प्रयास गरिएको छ । यस अध्ययनले शदियौँदेखि नारीमाथि हुँदै आएका अन्याय, दमन, शोषणहरूबारे उद्घाटन गर्न सहयोग गर्छ । साहित्यमा चित्रण गरिएका नारीहरूको चेतनाको स्तर, मूल्य, मान्यता, अस्मिताबोध, प्रतिरोधी चेतना र अस्तित्वलाई केन्द्रमा राखेर साहित्यिक कृति अध्ययन, लेखन तथा चिन्तनमा केन्द्रित हुनु नारीवादी विश्लेषणको मुख्य उद्देश्य हो । यही उद्देश्यमा केन्द्रित भई यो लेख तयार गरिएको छ ।

यस कथालाई अध्ययन गर्न सकिने अन्य पाटाहरूलाई छोडेर यस लेखमा कथामा प्रयोग गरिएका नारी पात्रहरूका माध्यमबाट, यथार्थवादकै छिद्रबाट तत्कालीन पितृप्रभुत्व निकै शक्तिशाली रहेको समाजमा नारीमाथि राज्यका विभिन्न संयन्त्रसँग जोडिएका धर्म, संस्कार, नीति, मूल्य, मान्यताका आडमा गरिने दमन, शोषण, पारिवारिक तथा सामाजिक दया, माया देखाएजस्तो गरेर गरिने लैङ्गिक विभेद तथा हिंसा कस्ता प्रकृतिका थिए भन्ने कुरामा अध्ययनलाई केन्द्रित गरिएको छ । तत्कालीन समाजमा नारीहरूले भोगेका पारिवारिक तथा सामाजिक समस्याहरू कस्ता थिए भन्ने प्राज्ञिक जिज्ञासालाई कथावस्तुका छिद्रछिद्रबाट खोतलेर अध्ययन गरी समाधान गर्न उद्देश्य राखिएको छ ।

## सामग्रीसङ्कलन तथा अध्ययनको औचित्य

प्रस्तुत लेखका लागि आवश्यक पर्ने अध्ययनीय सामग्रीहरू सङ्कलनका लागि विशेष गरी पुस्तकालयीय विधिको प्रयोग गरिएकको छ । कृति अध्ययन र विश्लेषणका लागि आवश्यक पर्ने नासो कथासङ्ग्रहलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ भने यस कथाका बारेमा गरिएका समालोचना, टिप्पणी, नारीवादी चेतना तथा नारी अस्मिता र अस्तित्वका सवालमा भएका टीका, अनुसन्धानात्मक लेखहरूलाई द्वितीय सामग्रीका रूपमा पुस्तकालय विधिबाटै सङ्कलन गरी आश्यकताअनुसार उपयोग गरिएको छ । यस लेखमा कृति अध्ययन र विश्लेषण प्रक्रिया गुणात्मक प्रकृतिको हुने हुँदा निगमनात्मक तथा आगमनात्मक पद्धतिको प्रयोग गरी प्राज्ञिक समस्या समाधानका उपायहरूको खोजी गरेर निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । लेखमा पितृसत्तात्मक

प्रभुत्ववादी चिन्तन, नारीवादी चिन्तनका साथै मार्क्सवादी नारीवादी चिन्तन तथा मूल्य, मान्यता र अवधारणालाई मुख्य अध्ययन तथा विश्लेषण विधिका रूपमा प्रयोग गरिएको छ । यथार्थवादी तथा आदर्शवादी कथाका छिद्रबाट खोतलेर पितृसत्तात्मक प्रभुत्व र नारीवादी अध्ययन गर्न सकिने कुराको यो लेख प्रमाण बन्छ । तसर्थ यो लेख नारीवादी लेखक, पाठकका निम्ति उपयोगी हुने हुँदा औचित्यपूर्ण रहने देखिन्छ ।

## पितृसत्तात्मक प्रभुत्व र नारीवादी सैद्धान्तिक अवधारणा

शक्ति र सत्तामा पुरुषलाई सर्वेसर्वा बनाएर राज्यका हरेक निकायमा पुरुषकै प्रभुत्व स्थापित गरी नारीहरूलाई विभिन्न संयन्त्रमार्फत नियन्त्रणमा राख्ने सत्ता नै पितृसत्ता हो । महिलामाथि हुने दमनको मूल स्रोत नै पितृसत्ता हो (भट्टराई, २०७७, पृ. १३६) । यही पितृसत्ताले नै आम नारी वर्गलाई अन्याय, शोषण, दलनमा पारेको छ । पुरुषकै प्रभुत्वमा नारीको अस्तित्व र मूल्य निर्धारण गरिएको ठहर गर्दै त्यसका विरुद्धमा आवाज उठाउने तथा नारीमाथि थोपरिएका सबै प्रकारका शोषण उत्पीडनको विरोध गरी समान हक, अधिकार, नारी स्वतन्त्रता र न्यायको खोजी गर्ने कार्य नारीवादीले गर्दछ । नारीहरूको हक, हित र अधिकारमा केन्द्रित भई नारीकै उन्नति र विकासका निम्ति नारी जीवनका बारेमा गरिने चिन्तन नै नारीवाद हो । पितृसत्तात्मक समाजका संयन्त्रले नारीका जीवनसँग जोडिएका विषयमा कसरी सरोकार राख्छ तथा कला, साहित्य तथा सामाजिक पृष्ठभूमिमा नारीहरूलाई कुन स्थान दिइएको छ भनेर अध्ययन र विश्लेषण गर्न अवधारणा नै नारीवादको सैद्धान्तिक अवधारण हो । नारीवादी साहित्य सिर्जना तथा समालोचाबाट नारीहरूलाई समाजमा कुन भूमिका वा स्थान दिइएको छ ? सम्मान वा अपमान के गरिएको ? छ भन्ने कुराको अध्ययन गर्न सकिन्छ । अर्को अर्थमा भन्दा पितृसत्ताले नारीहरूमाथि थोपरेका सामाजिक, धार्मिक, राजनीतिक मूल्य, मान्यताका आधारमा हुने गरेका दमन, शोषणको अध्ययन गरी त्यसका विरुद्धमा आवाज उठाउन उदय भएको वाद नै नारीवाद हो । विभेदकारी समाजमा निम्न वर्गीय वा जातीय पुरुषमा जत्तिकै दमन, शोषण त नारीमाथि पनि थोपरिएको छ । अझै महिला हुनुका नाताले पितृसत्तात्मक हैकमवादका जाँतामुनि पनि उत्तिकै चेपिन पुगेका छन् तसर्थ मानवमुक्तिमा समग्र महिलामुक्ति सम्भव छैन (त्रिपाठी, २०६७, पृ. २) । जुनसुकै वर्ग वा समुदायका नारीहरूले चर्को लैङ्गिक विभेद घरभित्र र घरबाहिर खेपिरहेका छन् । त्यसैले नारीमुक्तिका निम्ति पितृसत्ताको समूलनष्ट गर्नुपर्छ र छुट्टै सङ्घष गर्नै पर्छ भन्ने मान्यता नारीवादको रहेको छ ।

पाश्चात्य साहित्यमा समालोचनाको क्षेत्रमा दोस्रो विश्वयुद्धपछि उदाएका विभिन्न सिद्धान्तहरूमध्ये नारीवादी समालोचना पनि एक हो । यस समालोचना पद्धतिको आरम्भ सन् १९६० को दशकमा भएको देखिन्छ । यस समालोचना पद्धतिले पुरुषप्रधान समाजका विरुद्धमा गरिने नारी विद्रोहहरूलाई अध्ययनको आधार बनाएको देखिन्छ। नारीवाद बहुलवादी साहित्यिक सिद्धान्तका बिच जन्मिएर पनि आफ्नो छुट्टै मान्यताका साथ अगाडि बढेको देखिन्छ। नारीवादी चिन्तनले नारीमुक्ति आन्दोलन, नारीमूल्य, मान्यता र अस्तित्वसँग जोडिर साहित्यमा प्रवेश गरेको देखिन्छ । साहित्यका क्षेत्रमा यथार्थवादी युगदेखि नै नारीमाथि हुने शोषण र दमनलाई आलोचनात्मक रूपमा प्रस्तुत गर्ने प्रयास भएको देखिन्छ । मार्क्सवादमा एङ्गेल्सको आगमनसँगै उनको परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति शीर्षकको ग्रन्थ आएपछि नै पश्चात्य जगत्मा नारीवादी चिन्तनले स्पष्ट दिशा प्राप्त गरेको देखिन्छ (यमी र भट्टराई, २०५७, पृ. १९) । यसले परम्परागत नारीवादी चिन्तनलाई विस्थापित गर्दै वैज्ञानिक तथा वस्तुवादी चिन्तनलाई स्थापना गर्न सहयोग गर्‍यो । यो नै पाश्चात्य जगत्मा नारीवादी दृष्टिकोणलाई वैज्ञानिक सत्थ, तथ्य ढङ्गबाट सोच्न बाध्य पार्न पहिलो आधार ग्रन्थ हो । कतिपय विद्वान्हरूले पश्चिममा नारीवादी चिन्तनको आरम्भ सिमोन द बुआको द सेकेन्ड सेक्स (सन् १९४४) बाट भएको दाबी गरे तापनि एङ्गेल्सको आगमनसँगै उनको परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति छ दशकअगाडि नै प्रकाशमा आएको देखिन्छ । यस ग्रन्थमा नारीका

तत्कालीन अवस्थाका साथै ऐतिहासिक सन्दर्भसमेत व्याख्या गरिएको हुँदा मानव विकासका विभिन्न कालखण्डमा नारीहरूका फेरिँदै आएका भूमिकासमेत स्पष्ट हुन्छ । यस ग्रन्थअनुसार राज्यको उत्पत्तिपछि नारी अस्मितालाई उपेक्षा गर्दै नारी अस्तित्वलाई ओझेलमा पारिएको तथा तत्कालीन कला र साहित्यले पनि राज्यको शक्तिशाली वर्गका रूपमा पुरुष वर्गलाई पक्षपोषण गरिएको कुरा स्पष्ट पारिएको छ । यसरी पितृसत्ताको सुरुवात भएपछि नारीहरूलाई घरेलु चाकरका रूपमा स्थापित गर्ने प्रयास गरिएको छ र आधुनिक परिवारमा पनि नारी प्रत्यक्ष वा परोक्ष रूपमा घरेलु दासतामा आधारित छन् (जेटकिन, २०५६, पृ. २३) । त्यसको प्रत्यक्ष प्रभाव साहित्यमा पर्दै आएका तथ्यहरूलाई खोजी गरी अध्ययन गर्दा पनि तत्कालीन समाजमा नारीहरूमाथि हुने दमन, शोषण खोतल्न सकिने मान्यता नारीवादको रहेको छ । नारीवादी चिन्तनबाट नारीवादी समालोचनात्मक लेखन र चिन्तनको आरम्भचाहिँ सन् १९६८ मा थिङ्किङ एबाउट ओमेन नामक मेरी एल्मनको पुस्तकबाट भएको देखिन्छ ।

मेरी एल्मन पुरुष लेखक हुन् तर उनले नारीप्रति सबै पुरुष साहित्यकारहरूले उस्तै प्रकारको अनादर प्रकट गरेको कुरा औँल्याएका छन् । त्यसपछि फेरि फ्रायडले नारीहरूप्रति पूर्वाग्रह राखेर पुरुषले गर्ने हस्तक्षेपको पक्षपोषण गरेका कुराहरू भण्डाफोर गर्दै त्यसका विरुद्धमा केट मिलेट देखा पर्छिन् । यही क्रममा देखा परेको कृति केट मिलेटको सेक्सुयल पोलिटिक्स (सन् १९७०) लाई पाश्चात्य साहित्यमा आधुनिक नारीवादी चिन्तन र समालोचनाको घोषणापत्र नै मानिन्छ (बराल, २०६७, पृ. १७५) । यसरी सन् १९७० को दशकदेखि घोषणापत्रसहित आरम्भ भएको नारीवादी चिन्तन सन् १९८० को दशकमा पुग्दा नयाँनयाँ मूल्यहरूसहित विश्वव्यापी रूपमा अगाडि बढेको देखिन्छ । यसै क्रममा सुलामी फारस्टोनको द डाइलेक्टिभ अफ सेक्स : द केस फर फिमिनिस्ट रिभुलुसन (सन् १९७०) र गोइङ टु फार (सन् १९७८) नामक रविन मोर्गानका कृतिहरूले नारीवादी चिन्तन तथा समालोचनालाई परिष्कृत र परिमार्जित गर्दै आफ्नै सैद्धान्तिक मान्यता निर्माण गरी पूर्ण रूपमा स्थापित गेरको देखिन्छ । यसै सन्दर्भमा भर्जिनिया उल्फले पितृसत्तात्मक समाजले नारीमाथि गरेका शोषण, दमन विरुद्ध नारी अस्मिता र मूल्यलाई केन्द्रमा राखी साहित्य लेखन र चिन्तमा केन्द्रित हुनु नै नारीवादी साहित्यिक समालोचनाको उद्देश्य रहेको कुरा व्यक्त गरेकी छिन् । तसर्थ नारी कुनै पुरुषका खेलौना र दासी होइनन् भन्दै नारीप्रति देखाइएको हेय दृष्टिकोणको भण्डाफोर गरी नारीप्रति गरिँदै आएका परम्परित मूल्य, मान्यताका विरोध नारीवादले गर्दछ । वास्तवमा नारीवादी भन्ने शब्दले साहित्यिक आन्दोलनभन्दा पनि नारी आन्दोलनलाई बढी प्रकाश पार्दछ (बराल, २०६७, पृ. १७७) । पछिल्लो समय नारीवादी साहित्य र समालोचनामा पनि पुरुषहरूले गरेका अन्याय, अत्याचार विरोधी मुद्दाहरू सशक्त रूपमा आएको हुँदा यसको चासोको विषय बनेको देखिछ। नारीमाथि हुने गरेका थिचोमिचो, शोषण, दमन, उपेक्षात्मक दृष्टिकोण आदिबारे नारीहरूलाई सजग गराई पुरुषप्रधान सामाजिक मूल्य, मान्यताप्रति विद्रोहको चेतना फैलाउने उद्देश्य पनि नारीवादी समालोचनाले लिएको देखिन्छ । नारीहरूमाथि परम्परित रूपमा हुँदै आएका हिंसा, दमन, शोषण बुझ्न पुराना कला, साहित्य अध्ययन गर्न सकिन्छ । जति आदर्शको लेपले छोपे पनि आदर्शोन्मुख यथार्थवादी आख्यानमा यसका अवशेष सहज रूपमा भेट्न सकिन्छ । आख्यानकारले छोडेका छिद्रबाट खोतलेर नारीमाथि हुने गरेका दमन, शोषण उद्घाटन गर्न सकिन्छ । तसर्थ नारीहरूका समस्या दुःख र उत्पीडनहरूलाई नजिकैबाट अध्ययन र विश्लेषण गर्न खोज्ने नारीवादीहरू यसतर्फ लागेको देखिन्छ । वास्तवमा अलिकति राजनीति, अलिकति मनोविज्ञान, अलिकति भाषिक चिन्तन मिलेर नारीवादी समालोचनाका बनेको छ (बराल, २०६७, पृ. १७७) । नारीवादी लेखनका तुलनामा नारीवादी समालोचनात्मक चिन्तन बढी विचारप्रधान रहेको देखिन्छ । आख्यान संरचनामा कुनै पनि साहित्यकारले नारीहरूलाई कसरी सामाजिक व्यक्ति र विषयका रूपमा प्रस्तुत गरेका छन् भन्ने कुराको खोजी नारीवादी समालोचनामा गरिन्छ । नारीहरू आफैं सचेत हुन

थालेपछि नारीहरूका सामाजिक, पारिवारिक, सांस्कृतिक तथा वर्गीय समस्याहरूलाई खोतलेर प्रस्तुत गर्ने तथा समस्या समाधानका लागि नारी चेतना जगाउने कार्य पनि सशक्त रूपमा अगाडि बढेको देखिन्छ । समसामयिक संसारको दुई तिहाइभन्दा बढी काम गर्ने महिलाहरू (उप्रेती, २०६८, पृ. २३६) को कामलाई श्रमको रूपमा नलिई पितृसत्ताका संयन्त्रले नियन्त्रण गरेर जम्मा पाँच प्रतिशत आर्थिक हिस्सा महिलाको पोल्टाका फाल्छ । पितृसत्ता महिलाहरूलाई सधैँ आर्थिक रूपमा कमजोर बनाएर पुरुषको सहारा तथा इसारामा बाँचेको हेर्न रुचाउँछ र त्यसरी नै बुर्जुवा साहित्यहरू रचना भएका छन् । साहित्यमा समाजको सत्य छवि आउँछ । अन्य विधाभन्दा आख्यानात्मक रचनामा सामाजिक विषयवस्तुसँगै नारीका समस्या, पीडा, दमन, शोषणहरू जोडिएर आएका हुन्छन् । तिनै आख्यानात्मक कृतिहरूमा केन्द्रित भई पितृसत्ताको प्रभुत्वमा नारीमाथि हुने गरेका दमन, उत्पीडन र विभिन्न किसिमका हिंसाहरूलाई छिद्रछिद्रबाट खोतलेर अध्ययन गर्न सकिन्छ भन्ने नारीवादी अवधारणाका आधारमा यस लेखमा 'नासो' कथाको अध्ययन र विश्लेषण गरिएको छ । आख्यानमा सचेत रूपमा होस् वा असचेत रूपमा होस् नारी पात्रका बारेमा गरिएका चित्रणहरूबाट पितृसत्तात्मक समाजमा नारीमाथि राखिने निगरानी, शोषण, हिंसा तथा दृष्टिकोणहरू स्पष्ट हुन्छ । यही नारीवादी विश्लेषणका अवधारणा तथा चिन्तनमा केन्द्रित भई गुरुप्रसाद मैनालीको 'नासो' कथामा प्रतिबिम्बित पितृसत्ताको प्रभुत्व तथा नारी चरित्रका सामाजिक आधार, आर्थिक आधार, पारिवारिक तथा धार्मिक, सांस्कृतिक अन्धविश्वासले निम्त्याएका समस्या र पीडाहरूलाई अध्ययन गर्ने जमर्को यस लेखमा गरिएको छ । अन्य दृष्टिकोणबाट अध्ययन नगर्नु नै यस लेखको सीमा रहेको छ ।

## 'नासो' कथा सन्दर्भ र पितृसत्ताले निर्माण गरेका नारीसमस्या

'नासो' कथामा कथाकारले तत्कालीन समयसापेक्ष सामाजिक तथा पारिवारिक समस्याहरूको यथार्थ चित्रण गर्दै आदर्श नारी चित्रण गर्ने प्रयास गरेका छन् । जति आदर्श बनाउने प्रयास गरे तापनि कथामा नारीहरूका चरित्र चित्रण गर्ने क्रममा आएका विभिन्न घटनाहरूका छिद्रबाट तत्कालीन सामाजिक व्यवस्थामा नारीमाथि हुने गरेका दमन, शोषण र हिंसाहरू के-कस्ता थिए र पितृसत्तात्मक सामन्ती हैकमवादी प्रवृत्तिबाट कति उपेक्षित, प्रताडित र उत्पीडित थिए भन्ने कुराको सहज रूपमा खोतलेर अध्ययन र विश्लेषण गर्न सकिन्छ । नारी अस्मिता र मूल्यलाई केन्द्रमा राखेर गरिने अध्ययन नारीवाद भएको हुँदा 'नासो' कथामा रहेका प्रमुख नारी पात्रहरूको अस्तित्व र मूल्यको खोजी गर्नु नै यसले लेखको उद्देश्य रहेको छ ।

'नासो' कथामा केन्द्रीय नारी पात्र सुभद्रा छिन् । सहायक पात्रका रूपमा लक्ष्मी वा सुभद्राकी सौता र मार्मिक पीडा लुकाएकी नौली वा सुभद्राकी नोकर्नी रहेका छन् । यिनै तीन जना नारीहरूमध्ये सुभद्रा र लक्ष्मीकै सेरोफेरोमा विशेष गरी कथावस्तु अगाडि बढेको देखिन्छ । कथामा विविध घटनाहरूको प्रमुख कारकका रूपमा आएको मुख्य पुरुष पात्र देवीरमण र नाबालक शिशु सुशील पनि रहेका छ । कथाको घटनाक्रम अगाडि बढ्ने क्रममा केही गाउँले र छिमेकीहरू पनि आवश्यकताअनुसार प्रयोग गरिएको छ । कथाको सुरुदेखि अन्त्यसम्म केन्द्रीय भूमिकामा रहेकी मुख्य तथा गतिशील पात्र सुभद्रा हुन् । कथाकारले उनकै आदर्शोन्मुख भावना र पीडादायी क्षणहरूको वर्णन गर्ने क्रमलाई निरन्तरता दिएका छन् । यस कथामा आएका नारी समस्याहरू धेरै सुभद्रामा नै केन्द्रित गरिएका छन् । उनी नेपालको पहाडी गाउँले वातावरणमा हुर्किएकी तथा बाह्र वर्षको कलिलो उमेरमा नै देवीरमणकी श्रीमती भएर देवीरमणको घरमा आएकी नारी पात्र हुन् । उनी कलिलै उमेरमा छोरी दान गरे स्वर्गको बाटो खुल्छ भन्ने पितृसत्ताका आडमा निर्मित हिन्दु धर्मको कुसंस्कारमा परेका तथा स्वज्ञानबाट वञ्चित तत्कालीन नारीहरूका प्रतिनिधि पात्र हुन् । लक्ष्मी देवीरमणकी कान्छी श्रीमती तथा सुभद्राकै सौता हुन् । उनी पनि कथाको चौथो अनुच्छेदबाट प्रवेश गरी अन्त्यसम्म क्रियाशील नारी पात्र पनि हुन् । अनेक विधिबाट पूजाआजा, तन्त्रमन्त्र

गर्दा पनि सुभद्राबाट सन्तान नजन्मिएका हुँदा मरेपछि पिण्ड दिने छोरा चाहिन्छ भनेर देवीरमणले लक्ष्मीलाई बिहे गरेका तथा उनले केही वर्षपछि छोरा नै पाएको वर्णन कथामा गरिएको छ । छोरा नै जन्मनुमा कथाकारमा दमित पितृसत्ताको अहङ्कारले काम गरेको छ । छोरी जन्मिएको भए फेरि देवीरमणको अर्को बिहे गराइन्थ्यो होला । यी दुवै पितृसत्तात्मक सामन्ती जाँतोमुनि च्यापिएका, बालविवाह तथा बहुविवाहको पुरुषवादी संस्कारमा थिचिएका नारी पात्रहरू हुन् । अशिक्षा, अन्याय, गरिबी र अभावमा बाँचेका यी नारी पात्रहरू देवीरमणकै इच्छापूर्तिका लागि प्रयोग गरिएका छन् ।

'नासो' कथाको सुरुवातको सन्दर्भलाई हेर्दा कङ्गाली देवीरमणको घरलाई चञ्चलाश्री बनाउनु तर सन्तान नहुनु समस्या देखाइएको छ । त्यसलाई नारी समस्यामा केन्द्रित गरिएको छ । देवीरमणको कुनै कमी-कमजोरी नभएझैं सुभद्रा बाँझो हुनु उसकै कमजोरीका रूपमा औँल्याइएको देखिन्छ । यी सबै पितृसत्ताका दृष्टिकोण हुन् । कथामा यी समस्या समाधानका लागि सुभद्राले सौता पनि स्वीकार गरेकी छिन् ।.त्यसपछि कथामा अझै सुभद्रामाथि एकपछि अर्को समस्या, पीडा तथा पारिवारिक कलह थोपरिएको देखिन्छ । पितृसत्तात्मक प्रभुत्वले सामन्ती पुरुषवादी सामाजिक संरचनाभित्र जन्मिएका नारीहरूलाई धार्मिक समस्या, सामाजिक समस्या, पारिवारिक समस्या, सांस्कृतिक, आर्थिक समस्याहरू भोग्नुपर्ने बाध्यता सिर्जना गर्दछ । यही स्थिति 'नासो' कथामा आएको छ । कथामा समावेश गरिएका नारीका सबै समस्याहरू वैयक्तिक खालका नभएर प्रतिनिधिमूलक रहेको देखिन्छ । पुरुष पात्रले आफ्नो स्वार्थमा नारीहरूलाई सकेजति उपयोग गर्ने तर सम्पत्ति प्रयोगमा उसको हक कत्ति पनि स्वीकार नगर्दा एक समस्यापछि अर्को समस्या थपिएको देखिन्छ । नेपालजस्तो अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा पितृसत्तात्मक मुलुकमा नारीहरूले भोग्नु परेका समस्याहरू 'नासो' कथामा सामाजिक यथार्थ चित्रण गर्न क्रममा नै आएका छन् । पितृसत्ताले निर्माण गरेका लैङ्गिक असमानता र सामाजिक, धार्मिक, आर्थिक कुसंस्कारहरू तथा नारीलाई दोस्रो दर्जामा राख्ने हेपाहा प्रवृतिको जाँतोमा च्यापिएका नारीहरूमा बलजफ्ती नैतिक आदर्शपूर्ण भावना जागरण गराउने प्रयास यस कथामा गरिएको छ । आदर्श नारी बन्न खोज्दा सुभद्रामा पनि अनेक समस्या सिर्जना भएका छन् । विशेषगरी नारीहरूमाथि लादिएका यिनै समस्याहरूलाई तल छुट्टाछुट्टै अध्ययन गर्न सकिन्छ ।

**पितृसत्ताको प्रभुत्व र सांस्कृतिक तथा धार्मिक समस्या**

नेपाली समाजको धर्मनिबद्ध हिन्दु परम्परागत आदर्श पितृसत्तासँग जोडिएको छ । यसैले 'नासो' कथाका पात्रहरूको चरित्रगत विसङ्गतिको कारक बनेको देखिन्छ । देवीरमण र सुभद्रा दुवै त्यस्ता धर्म संस्कारका पक्षधर भए पनि नेपाली नारीलाई धर्मका नाममा पनि पुरुषत्वको पूजा गर्ने, पुरुषहरूकै दासीको स्थानमा राखिदिएको छ पितृसत्ताले । पितृसत्ताकै आडमा पुरुषहरूले आफ्नो स्वार्थअनुकूल हुने गरी धार्मिक, सांस्कृतिक मूल्य, मान्यताहरू निर्माण गरेका हुन् । त्यसैले सन्तान नहुनुमा सुभद्रा नै दोषी ठानिन्छिन् । देवीरमण उनैलाई दोष दिन्छ र अर्को बिहे गर्न तम्सन्छ । पितृसत्ताका आडमा निर्मित हिन्दु धर्ममा पुरुषहरूका कुनै काममा पनि कमजोरी हुनै सक्दैन, जसरी व्याख्या गरेर नारीमाथि नै अन्याय थपेको छ । यही मान्यताका धर्मान्धा देवीरमणका कमजोरीलाई बेवास्ता गर्दै अर्को बिहे गरेर भए पनि सन्तानको खोजी गरिएको छ । अर्को बिहे गर्दा देवीरमणका मनमा आएमा भाव कथामा यसरी प्रस्तुत भएको छ :

"... के सुभद्राले साँचो मनले सल्लाह दिएकी हो । सहमति दिँदा किन अर्कोपट्टि फर्किएर हुन्छ भने कि त ? मेरो ज्यादा आग्रह देखेर हुन्छ भने कि त होइन ? ओहो ! मानिसहरू आफ्नो तीव्र इच्छामा अरूको सम्मतिलाई कसरी जबरजस्ती तान्छन् । छि ! सुभद्राको आजीवन सेवाको पुरस्कार यही हो ? म के गरूँ, मलाई के दोष ?

सन्तानबिना स्वर्गको बाटो छेकिन्छ भन्ने हिन्दु धर्म जानोस् । भोकको लालसाले होइन, धर्मका आज्ञाले विवाह गरेको हुँ ।" यस्तै तर्क गरेर चित्त बुझाउने कोसिस गर्दैथे (पृ. ३) ।

कथामा सुभद्रालाई उसैको कोख उस्तो हो, जति पूजाआजा र धर्म गर्दा पनि सफल भएन भन्ने निष्कर्ष दिएर सहानुभूतिको पात्र बनाइएको छ । पिण्ड दिने सन्तानको मुख हेर्न पाइन्छ भनेर खुसी हुँदै सौताका रूपमा लक्ष्मीलाई स्वीकार गर्ने सुभद्राजस्ता नारीहरूमाथि धार्मिक अन्धविश्वासको आडमा पितृसत्ताले गरेको शोषण हो । पितृसत्ताले नारीको कोमल शरीरमाथि हिंसा गर्ने पुरुषलाई नै वास्तविक पुरुष ठान्छ (उप्रेती, २०६८, पृ. २५४) ।

त्यसैले मार्क्सवादी नारीवादले नारी वर्गको उद्धारमा सक्षम वर्गले नै बोली दिनुपर्छ भन्ने मान्यता राखेको छ । यही कुरालाई नारीवादी समालोचकहरूले पनि स्वीकार गरेका छन् तर तत्कालीन पितृसत्तात्मक हैकमवादी समाज र राणाहरूको बर्बर शासनकालमा नारीहरूका हक, हितका पक्षमा आवाज उठाउने त कुरै थिएन । पुरुष वर्गले पनि नारीहरूको हक, अधिकारका लागि आवाज उठाउनुभन्दा आफ्नो अनुकूल खेलौना बनाएर शारीरिक तथा मानसिक शोषण गरिरहेको देखिन्छ । बाह्र वर्षकै उमेरमा बिहे गरी कङ्गाल देवीरमणको घरमा आएकी सुभद्रा आँफैले दुःखजिलो गरेर उसलाई सम्पन्नशाली बनाए पनि त्यही सम्पत्तिको चयन गर्ने अधिकार नहुनु, पितृसत्ताकै उपज हो । उनी सधैं दासीको दासी नै रहेको देखिन्छ । 'नासो' कथाका नारी पात्रहरूको स्थिति पनि पुरुषकै नियन्त्रणमा रहेका दासीभन्दा माथि छैन । कथाको केही अंश साक्ष्यका रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

"सुभद्रा बहुतै पतिपरायणा रमणी थिइन् । आजसम्म कहिल्यै उनले देवीरमणको चित्त दुखाइनन्, मनको कुरा जानेर सेवा गर्दथिन् । .... सुख, दुःखकी साथी भएर कङ्गाल देवीरमणलाई सुभद्राले धनवान् बनाइन्, अहिले सन्तानका निम्ति सौता हालिदिएर कसरी कृतघ्न बनून् (पृ. २) ।"

यस कथनबाट सुभद्राले कलिलो उमेरदेखि नै देवीरमणको दासी वा श्रीमती दुवै आफै बनी काम गरेको कुरा स्पष्ट हुन्छ । उनको दुःखमा देवीरमण धनवान् बनेको देखिन्छ तर त्यो सम्पत्तिमा सुभद्राको कुनै हक, अधिकार नहुने मूल्य, मान्यताचाहिँ पितृसत्ताले निर्माण गरिदिएको हो । देवीरमणले देखाएको दयाभाव आफ्नै सुविधा र स्वार्थका लागिभन्दा बढी देखिँदैन । सुभद्राले दासी बनेर सेवा गरेका कारण नसोधी सौता ल्याउन नसकेको भनिए तापनि सोध्नुको कुनै अर्थ देखिँदैन । सुभद्रा नमानेको भए पनि धर्मलाई दोष दिएर उसले बिहे गरेरै छोड्थ्यो । नारीमाथिको शोषण वर्गीय मात्र नभई लैङ्गिक पनि छ भन्ने कुरा यहाँ स्पष्ट हुन्छ । नारीको मनोबललाई लैङ्गिक हिंसाले अझै ध्वस्त पारेको देखिन्छ । सुभद्रा पुरुष अधीनस्थ पितृसत्तात्मक सामन्ती हैकमवादी प्रवृति र हिन्दु धर्ममा आश्रित संस्कारबाट हेजेमोनाइज भएकी सरल नारी पात्र हुन् । यस कथामा सुभद्रा र लक्ष्मी दुवैको देवीरमणकै हित हुने कार्यमा आफ्ना अधिकार समाप्त भएका छन् । नेपाली नारीका जीवनमा हिन्दु संस्कृति समस्या भनेर संस्कारका रूपमा आएका छन् । धर्मका नाममा पनि नेपाली नारीहरू नै शिकार बनेका छन् । त्यसैको परिणति ' नासो' कथामा आएको छ ।

पिण्डपानीको दाताको खोजी गर्दै फेरी देवीरमणले अबोध बालिका लक्ष्मीलाई विवाह.गर्नु तत्कालीन पितृसत्तात्मक सामन्ती समाजमा पुरुषलाई जति बुढो भए पनि छानीछानी विवाह गर्न दिएको छुटको उपयोग हो । यसको फाइदा देवीरमणले नउठाउने कुरै भएन । यही कारण नारीवर्ग अझै दलन र उत्पीडनमा परेको देखिन्छ । निम्न पुँजीवादी संस्कृति तथा पितृसत्तात्मक सामन्ती समाजमा धार्मिक संस्कार पुरुषअनुकूल बनाइएका कुरा जति भ्रमजालमा पारेर छोपछाप पारे तापनि यहाँ उदाङ्गो भएको छ । पुरुष वर्गले नै छोरा र छोरीमाथि विभेद सिर्जना गरी विशेषगरी छोरीप्रति अनुदार भाव देखाउने संस्कार निर्माण गरिएको छ । अहिलेसम्म पनि बालविवाह

र बहुविवाह दुवैले नारीहरूलाई नै उत्पीडित बनाएका छन् । नारीहरूलाई पुरुष वर्गकै भरोसामा शरणार्थीजस्तो बनेर बस्न बाध्य बनाइएको छ । यस कथामा लक्ष्मीले छोरै जन्माएको देखाउनु कथाकारको धार्मिक, सांस्कृतिक प्रभावको उपज हो ।

नारीका विरुद्ध नारीलाई नै प्रयोग गरिएको यो राम्रो उदाहरण हो । तत्कालीन सामाजिक परिवेशमा पितृसत्ताले पुरुषलाई साधु बिरालो बनाएर नारीमाथि दमन गर्न नारीकै उपयोग गरेको थियो । यहाँ पनि दुवैलाई माया गरेजस्तो गरेर दुवैमाथि शोषण र दमन भएको छ । तजविज मिलाउने काम देवीरमणको हो, तीर्थ दुवैले जान पाउनुपर्थ्यो । विभेदको बीउ उसैले रोपेको हो । यहाँ सुभद्राले खेतीपाती तथा पशुपालन गरेर कमाएको पैसा देवरमणको हातमा हुनु र उसले दासीका रूपमा सुभद्रालाई हेरी खर्च गर्दा केही नसोध्नु ठुलो बदमासी हो । तर यहाँ यसलाई उसको अधिकार जसरी छोपिएको छ, उसको विरुद्धमा आवाज उठाउने वातावरण नै छैन ।

तीर्थबाट आएपछि सौतासौताका बिचमा झगडा हुनु, कान्छीले जेठीलाई घोचेर वचन लगाउनुले पितृसत्ताका कारण पुरुषको आडभरोसा पाउने र नपाउने नारीका बिचमा रहेको विभेदलाई सङ्केत गरेको छ । सुभद्राले कतैबाट पनि आडभरोसा पाउनु, देवीरमणले होचो, अर्घेलो छुट्याएर सम्झाउने प्रयास नगर्नुमा स्वार्थी पुरुष देवीरमणकै स्वतन्त्रता र सुविधाका लागि श्रीमतीहरूमाथि देखाएको उपेक्षा र सहानुभूतिभन्दा माथि छैन । उसले गरेको माया त आफूले सेवा, सुविधा पाउँदासम्म देखाइएको दयाभन्दा बढी छैन । यस कथामा पितृसत्तात्मक अहङ्कार र त्यसले जन्माएको निराशाबाहेक अरू केही देखिँदैन । सुभद्राको मनोबल तथा सहनशीलता यही पारिवारिक समस्या तथा शङ्काले कमजोर बनाउँदै लगेको छ । सामन्ती पुरुषले बहुविवाह गर्न पाउने कुसंस्कारका आडमा नारीहरूलाई कसरी पारिवारिक रूपमा एक्ल्याउने तथा उत्पीडित बनाउने गर्छन् भन्ने कुरा यहाँ स्पष्ट रूपमा आएको छ । एउटी नारीले लोग्नेको घरमा पशुसरह बाँच्नु पर्ने विवशता तत्कालीन पितृसत्तात्मक समाजमा सिर्जना गरिएको देखिन्छ ।

## पितृसत्ताको प्रभुत्व र सामाजिक समस्या

घरमा अन्न वा पशु चौपाया बेचेर कमाएको पैसा देवीरमणको हातमा भएका कारण नै घरको सम्पूर्ण कार्यभार सम्हालेकी सुभद्रालाई एक वचन पनि नसोधी एकल निर्णय गरेर पैसा पोको पारेर धर्म कमाउन तीर्थ जाने आँट देवीरमणले गरेको हो । यो पितृसत्ताको आडमा पुरुषले गर्ने निकृष्ट व्यवहार हो । उसले नारी भावनालाई उपेक्षा र तिरस्कार गरेको नमुना यसलाई मान्न सकिन्छ । सुभद्रा उसैको नियन्त्रमा बाँधिएकी छिन् । घरका सधैं गाईबस्तु र खेतीपाती सबै समालेर दासी बनी रोएर चित्त बुझाउने पात्र बन्न पुगेकी छिन् । यसरी बस्ने रहर कुनै पनि नारीलाई हुँदैन र सुभद्रामा पनि छैन । उनमा विद्रोही भावना त जागृत भएको छ तर जाने ठाउँ कहीँ छैन । जति श्रम गरे पनि आफ्नो स्वामित्वमा केही सम्पत्ति नहरने परिवेश पितृसत्तात्मक समाजले निर्माण गरेका कारण नारीहरू उपेक्षित र निरीह बनेका छन् । त्यस विरुद्ध बोल्नुपर्छ वा विद्रोह गर्नुपर्छ भन्ने चेतना सिर्जना हुनुलाई पापसँग जोडेर पितृसत्ताले धार्मिक सजाय दिन्छ । आफ्नो हकमा बोल्न सक्ने क्षमताको विकास हुनै नदिएर पितृसत्तात्मक सामाजिक, धार्मिक, सांस्कृतिक संयन्त्रहरूले नारीलाई निकै उत्पीडित बनाइरहेको कुरा यस कथामा स्पष्ट देखिन्छ ।

सुभद्राले कमाएको सम्पतिले देवीरमणको स्वाभिमान बढेको छ तर सुभद्रा उपेक्षित हुँदै दुःखी जीवन बिताउन बाध्य भएकी छिन् । कथामा उनको घरप्रतिको जीवनानुभूति नौलीसँग गफ गर्ने क्रममा यसरी आएको छ :

"छोड्नु परे छोडी दिउँला, कुनै दौलतको चयन गरेकी छु र ? एक पेट खस्रो, मसिनो खाएर, दिनरातको बुहार्तन सहेकी छु । जुठो चुल्हो गरिदिए जसले पनि एक गाँस खान दिन्छ..." (पृ. ४) ।"

घरमा जति नै सम्पत्ति भए पनि आफ्नो हातमा केही नरहँदा खिन्न बनेकी सुभद्राको यो हृदय फुटेर आएको आवाज हो । सम्पत्तिमाथि आफ्नो कुनै अधिकार नहुनु तथा लोग्नेको घरमा नोकर्नीभन्दा पनि तल्लो स्तरमा दासी बनेर बस्नुपर्ने बाध्यता सिर्जना हुनु तत्कालीन अवस्थामा पितृसत्तात्मक अहङ्कारमा उभिएका परिवारका नारीहरूका प्रतिनिधि समस्याहरू हुन् । दासीकै दाँजोमा बुहार्तन सहेर लोग्नेको घर सम्हालेर बसेकी सुभद्रा यसरी काम गरे त जसले पनि एक पेट खान दिन्छ, कामै प्यारो त रहेछ भन्ने निष्कर्षमा पुगेकी छिन् । आखिर त्यो घरमा पनि एक पेट खानकै लागि आपतविपत गर्नु परेको अनुभूति उनलाई भएको छ ।

सौतासँग हानथाप सुरुवात हुनु, लोग्नेले मिलाउने प्रयास नगर्नु अथवा कान्छी श्रीमती, छोराकी आमा भनेर उसलाई नै माया गर्नुजस्ता व्यवहारले सुभद्रामा छटपटी सिर्जना भएको छ । उनलाई त्यो घर कारागारजस्तो लाग्न थालेको देखिन्छ । उनले त्यस घरमा आफ्नो स्थान नोकर्नीकै जत्तिको पनि नरहेको अनुभूति गरेकी छिन् । यस्तो हुँदाहुँदै पनि आफ्नो हक, अधिकारको दाबी गरेर विद्रोह गर्न सक्ने हिम्मत तत्कालीन पितृसत्तात्मक समाजले खोसेको थियो । विद्रोह गरेर त्यो घर छोडे पनि जाने ठाउँ छैन । अलपत्र हुने स्थिति हुँदा उनीभित्र विद्रोही भाव सिर्जना हुँदा पनि कतिपय सौताका वचनहरू सहन सक्दासम्म अडिने प्रयास सुभद्राले गरेकी छिन् । नसकेपछि फुपुको शरणमा पुगेकी सुभद्रालाई फुपूको गाँस काटेर खानु पर्ने स्थिति सिर्जना भएको छ । कि त उसले नौली जसरी कसैको घरमा नोकर बस्नुपर्ने, कि त आधा पेट खाएर फुपूसँग बस्नुपर्ने स्थिति देखिन्छ । देवीरमणको घरमा दासी जसरी बस्दा पनि सौताका वचनले खिन्न बनेकी सुभद्राका आफ्ना रहर, इच्छा सबै मरिसकेका छन्, मात्र सास रहुन्जेल गाँस खोज्नु नै पहिलो विकल्प बनेको छ । सुख, सुविधा प्राप्त गर्ने त कुनै आश बाँकी रहेको देखिँदैन । त्यसैले जीवनप्रति नै उदासी भाव झल्किएको छ । पितृसत्तात्मक समाजमा विद्यमान सामाजिक, सांस्कृतिक परिवेश तथा धार्मिक आस्था र परम्परागत आदर्शहरू नारीहरूलाई बन्धनमा पार्ने खालका छन् । यसरी बन्धनमा पारिएका नारीहरूमाथि हुने गरेका चरम अन्याय र शोषणले निकै उत्पीडित बनेका तत्कालीन नारीहरूमा देखिने विद्रोही भावलाई आदर्शले छोपेर आदर्श नारी बन्नुपर्ने सन्देश यो कथाले दिन खोजेको छ ।

## पितृसत्ताको प्रभुत्व र पारिवारिक समस्या

'नासो' कथामा निःसन्तान हुँदाका देवीरणमा सिर्जना भएका सामाजिक तथा सांस्कृतिक प्रताडित मानसिकता बुझेकी सुभद्राले लोग्नेकै खुसीका लागि सौता स्वीकार गरेको देखिन्छ । दोस्रो विवाह गरेर लक्ष्मीलाई घरमा ल्याएपछि दुवैलाई समान माया र सम्मान गर्न नसक्नु देवीरमणको कमजोरी हो । झगडा हुँदा सम्झाइ-बुझाइ मिलाएर राख्न नसक्ने देवीरमणले मुखले केही नभने पनि व्यवहारले घरकी इमानदारी दासीका रूपमा सुभद्रालाई हेरेको बुझिन्छ । माया गरेजस्तो गरेर हिंसामा पारिरहने पितृसत्ताको अहङ्कार देवीरमणमा पनि देखिन्छ । सबै उसैको सम्पत्ति हो, सबै उसैले समालेर राखेकै छ भन्दै जिम्मा दिएजस्तो गरेर सम्पत्ति आफ्नो सुरले चयन गर्न कुनै पनि अधिकार नदिनु नै पितृसत्ताको चलाखीपूर्ण खेल हो । यही खेलमा देवीरमण सफल भएको छ ।

अन्न तथा चौपाया बेचेको पैसा सुभद्रासँग माग्नुपर्ने हुन्थ्यो भने उसले कुनै न कुनै रूपमा सुभद्रासँग नसोधिकन हिँड्नसक्ने स्थिति हुन्थेन । यसले तत्कालीन समाजमा श्रीमतीकै कमाइमा उसकै विरुद्धमा काम गर्ने अधिकारसमेत पुरुषवर्गलाई दिएको देखिन्छ । त्यसैले कथाकारले देवीरमणले सोझै शोषण गरेका कुरालाई स्वाभाविक रूपमा लिएका छन् । सुभद्राले कल्पनै नगरेको अन्तर्घात देवीरमणले गरेको छ तर त्यता चासो देखाइएको छैन । यही

कारण घरमा ठुलै पारिवारिक समस्या सिर्जना भएको छ । सौता शब्द नै सुन्न नरुचाउने नारी भावनामा सुभद्रा र लक्ष्मी दुवैलाई ठेस लागेको छ । पितृसत्तात्मक समाजले दुई नारीहरूलाई सौताका रूपमा उपस्थित गराएर जुधाई उनीहरूका बिचका मनमुटाव सिर्जना गराउने र त्यसको फाइदा पुरुषवर्गले लिने वातावरण सिर्जना गरेको हुन्छ । यस कथामा पनि दुई सौताका बिचमा झगडा हुँदा देवीरमणमाथि नै दया लागेको छ कथाकारलाई । यहाँ उसले कान्छी श्रीमतीलाई घरभित्र काम गर्ने नोकरका रूपमा उपयोग गरेको छ भने जेठीलाई घर बाहिरका सबै काम भ्याउने इमान्दार नोकरको रूपमा उपयोग गर्न पाएको छ । यही नै तत्कालीन पितृसत्ताले पुरुषवर्गलाई दिएको मुख्य सुविधा हो । यसलाई उसले अधिकार जसरी उपयोग गरेको छ । दुई सौताका बिचमा झगडा हुँदा उसको कुनै दोष छैन जसरी प्रस्तुत भएको छ । यही कुरा कथामा यसरी प्रस्तुत गरिएको छ :

"तीर्थबाट फर्केदेखि दुवैमा बहुधा झगडा हुन लाग्यो । सुभद्राले कुनै प्रश्न गर्दा लक्ष्मी छेड हानेर उत्तर दिन्थिन् । बस्, कुरै कुरामा हानथापबाट ठुलो कलह खडा हुन्थ्यो । देवीरमण चुपचाप भएर सुनिरहन्थे । लक्ष्मीलाई ताडना गरून् भने पुत्रवती पत्नी, सुभद्रालाई ताडना गरून् भने धर्म तथा विवेकको हत्या ! के गरून् ? सांसारिक सुखलिप्साको टर्रो आनन्दको अनुभव गरिरहेका थिए । त्यस बखतमा उनको त्यो प्रबल वाक्शक्तिको हावा हुन्थ्यो । मानिसको पाण्डित्य अरूलाई उपदेश गर्नमा लाग्छ, न कि आफूलाई परिआउँदा" (पृ. ४) ।

दिन-प्रतिदिनको घर झगडाले सुभद्रालाई घर नै कारागारजस्तो लाग्नु, घरमा माया गर्ने कोही नरहे जस्तो लाग्नु, देवीरमण मौन बस्नु पितृसत्ताले निम्त्याएको पारिवारिक समस्या हो । देवीरमण आफ्नो केही गल्ती छैन झैँ मौन बस्नु नै ठुलो समस्या हो । उसले दुवैलाई मिलाएर, समान व्यवहार गरी राख्न सकेको भए यस्तो स्थिति सिर्जना हुन्थेन । सुभद्रामा एक्लिएर जिन्दगीको तितो अनुभूति हुने थिएन । पितृसत्ताको अहङ्कारमा बाँचेका पुरुषहरू आफ्नो सुविधामा घच्च नलाग्दासम्म अरूको मर्का वास्ता गर्दैनन् । 'नासो' कथाका सन्दर्भमा पनि यिनै कुरा लागु हुन्छ । देवीरमण खाटमाथि सुत्नु तथा खाटमुनि उसका श्रीमतीहरू सुत्नु, उसले कहिल्यै पनि खाटमाथि सुत्न नभन्नु, दिनभरि काम गरेर आएकी सुभद्राले बेलुका साँझमा पनि घरका सबै काम भ्याएपछि उसको गोडामा तेल लगाउन जाँदा थकै लागेको होला गोडा मिच्नु पर्दैन नभन्नु वा आफै तेल लगाउन सक्छु नभन्नु यी सबै पितृसत्ताका आडमा उभिएका अहङ्कारी पारिवारिक संस्कारहरू हुन् । यिनै संस्कारले नारीहरूमाथि शोषण र दमन थोपरेका छन् । देवीरमणको घरकी नोकर्नी नौलीभन्दा तल्लोस्तरको काम गरेर, सुसारे बनेर बसेकी सुभद्रा लक्ष्मीले तिखो वचन लगाउँदा केही नबोल्ने देवीरमणप्रति पनि खिन्न छिन् । यही कारण कारागारजस्तो घर छोडेर स्वतन्त्र हुने बाटो खोजेका कुरा कथामा यसरी प्रस्तुत गरिएको छ :

"दिन-प्रतिदिनको गृहकलहले सुभद्राको कोमल हृदय कुसुम एकदम ओइलायो । उनी कारागारकी दुःखी बन्दीझैँ भाग्ने मौका खोज्न लागिन्" (पृ. ३) ।

पितृसत्ताका आडमा उभिएका पुरुषहरू नारीहरूमाथि शोषण, दमन गरी पाएसम्म सेवा-सुविधा सबै नतमस्तक भएर उपयोग गरिरहन्छन् । अर्काको अनुभूति कस्तो होला भनेर सोच्न पनि भ्याउँदैनन् भन्ने कुरा यसबाट स्पष्ट हुन्छ । सुभद्रा तत्कालीन अवस्थाको पितृसत्तात्मक पारिवारिक उत्पीडनमा परेका नारीहरूका प्रतिनिधि पात्र हुन् । गरिबी, अभाव र अशिक्षाका कारण उनीहरूले आफूमाथि गरिएको शोषण र दमन पनि बुझ्न सकेका हुँदैनन् । यही स्थिति सुभद्राको भएको छ । घर छोडेपछि पनि लोग्नेको सुख, सुविधाको पाटोलाई कायम रहन दिन फेरि फर्केर आई सहयोग गरेको देखिन्छ । नौलीसित घरका बारेमा शोधपुछ गरेपछि सुभद्रामा सिर्जना भएका अनुभूतिहरू कथामा यसरी प्रस्तुत गरिएको छ :

"... मैलै साह्रै बेबुझको काम गरेँ । जोरीपारीले के भन्दा हुन् ? आफ्नो त्यत्रो दौलत छोडेर यहाँ एक छाक खाएर बसेकी छु । त्यसका जिउमा केही भइदियो भने चिचिलो बालकको के गति होला ? पितृले के भन्लान् ? चित्त दुखाए पनि आमाले दुखाई, त्यो बालकले के बिरायो ? अघि एक, दुई छाक भात पकाउन पनि दिक्क मान्नुहुन्थ्यो । आजकाल कसरी पकाउनु हुँदो हो ?" आदि मनोभावनाले सुभद्राको मन छियाछिया भयो, आँसु झार्दै भनिन् "नौली यस्ता बेलामा तैँले पनि छोडेर आइछेस्" (पृ. ५) ।

घरको सम्पत्तिमा मेरो पनि हक छ भन्ने कुनै दाबी देखिँदैन, पुरुषको स्वार्थको जाँतोमा पिसिएका तत्कालीन नारीहरूले यस्ता क्रियाकलापहरूलाई आफ्नै भाग्यले यस्तो बनाएको भन्दै स्वीकार गरेका छन् । लोग्नेलाई सुख दिने कतिपय कुराहरू आफ्नो कर्तव्य जसरी अनुशरण गर्दै अगाडि बढिरहेको देखिन्छ । पितृसत्तात्मक सांस्कृतिक, धार्मिक दमनकारी कठघरामा अधीनस्त भई बसेका नारीहरूलाई विद्रोह गर्ने कुनै पनि स्पेस दिएको छैन । लक्ष्मीले छोरा नै पाउनु तथा छोरा पाएकै कारण प्रिय बन्नु पनि विभेदकारी संस्कृतिको उपज हो । छोरै पाएको देखाउनु देवीरमणलाई सामाजिक रूपमा प्रिय बनाउनु तथा पिण्डपानीको दाता उत्तराधिकारी सिर्जना गर्ने कथाकारको मनोविज्ञानले पनि काम गरेको छ । यही कारण कथाकारले लक्ष्मीप्रति पनि साहनुभूति देखाएर पितृसत्ताको सेवा गरेका छन् । सुभद्राले घर छोड्दा देवीरमण र लक्ष्मीका लागि पनि कुचाले गर्नुपर्ने काम हावाले गरेझैँ भएको हो । यही कारण घर छाड्ने बित्तिकै देवीरमणले कतै खोजी गरेको बुझिँदैन । आफ्नो सेवा, सुविधामा बाधा नपरुन्जेल मौन बसेको देखिन्छ । जब लक्ष्मी बिरामी परिन, आफ्नो सेवा, सुविधा, मानमा आँच आउन थाल्यो त्यसपछि सुभद्रालाई सम्झिएको छ । उनले घर छोडेपछि घरायसी स्थिति लथालिङ्ग हुनु, जतिबेला पनि नारीकै त्याग, श्रम र लगानी मात्र खोजी गर्नु, आफ्नो कर्तव्य र दायित्वबाट पन्छिएर सबै दोष नारीमाथि मात्र थुपार्न खोज्नु पुरुषहरूमा जन्मिएको पितृसत्तात्मक हैकमवादी प्रवृति हो । यही प्रवृत्ति देवीरमणमा पनि रहेको छ । उसको सामन्तवादी सोचको पराकाष्ठा यहाँ देखिन्छ तर कथाकारले लक्ष्मीलाई रोगी बनाई सजाय दिएर सुभद्रालाई सान्तवना दिने काम गरेका छन् । पितृसतात्मक सामन्तवादी नेपाली संस्कृतिमा बालविवाह तथा बहुविवाहका भूमरीमा परेका नारीहरूले रुखो, सुखो खाना खाएर अत्यधिक श्रम गर्नुपर्ने बाध्यता, सानै उमेरमा आमा बन्नुपर्ने वा यौवनमै विधवा हुनुपर्ने बाध्यता आदिका कारण शोषित, उपेक्षित, उत्पीडित, दमित तथा प्रताडित भएर बाँच्नुपर्ने, डरलाग्दा रोगका शिकार बन्नुपर्ने स्थिति सिर्जना भएको देखिन्छ । लक्ष्मी दीर्घरोगको शिकार पनि यही कारण भएकी हुन् । अर्कातिर सुभद्राले अत्यधिक श्रम गरेर देवीरमणलाई सम्पन्नशाली बनाइन्, त्यही सम्पन्नतामा उनले सुखद अनुभूति गर्न पाइनन् । त्यही धनले देवीरमणको चाहिँ अहङ्कार बढेर सुभद्रालाई घरबाट निस्केर हिँड्न बाध्य पारेको देखिन्छ ।

## निष्कर्ष

'नासो' कथा करिब असी वर्ष पहिले रचना गरिएको भए तापनि कथा पढ्दा तत्कालीन पितृसत्तात्मक नेपाली समाजमा रहेका सामाजिक तथा पारिवारिक नारी समस्या आजसम्म पनि उस्तै रहेको अनुभूति हुन्छ । मध्यम वर्गीय परिवार, पितृसत्तात्मक हैकमवादी प्रवृत्ति कस्तो प्रकृतिको थियो भन्ने कुरा यस कथाले स्पष्ट पारेको छ । यस कथाले घरमा नोकर राख्ने तथा घरका नारीहरूलाई पनि नोकरकै दर्जामा व्यवहार गर्ने प्रवृत्तिले तत्कालीन सामन्ती समाजको परिचय दिएको छ । यस कथाले हैकमवादी पितृसत्तात्मक समाजलाई नै सहयोग गरेको छ तथा पुरुषवर्गकै सेवा गरेको छ । यस कथामा एउटा आदर्श नारीले जस्तासुकै दुःख, पीडाहरू पनि पैतलाले थिचेर सहनुपर्ने तथा अरूले अन्याय, शोषण गरे पनि आफू आदर्श चरित्र देखाउने हुनुपर्ने कुरामा जोड दिएको छ । यसले नारीका विद्रोही स्वभावलाई दमन गरेको छ । नारी भनेका धर्ती हुन् र जस्तासुकै अन्याय र शोषण पनि

सहनुपर्छ, विद्रोह गर्ने नारीले कहीँ ठाउँ पाउँदैनन्, अझै समस्यामा पर्दै जान्छन् भन्ने पितृसत्तात्मक हैकमवादी सङ्कुचित सोच तथा चिन्तनलाई पुष्टि गरेको देखिन्छ । यस कथाले निम्नवर्गीय तथा मध्यमवर्गीय परिवारमा नारीहरूकै श्रम र त्याग खोजी गरेर खोक्रो आदर्शमा लुकेर नारीहरूमाथि नै प्रहार गर्ने पुरुषवादी प्रवृत्ति बुझ्न पनि सहयोग गरेको छ ।

वर्गीय समाजको साहित्य पनि वर्गीय नै हुन्छ । यस कथामा नारी पात्रलाई उदास दासी बनाउन पितृसत्तामा आधारित सामाजिक, सांस्कृतिक तथा आर्थिक समस्या तथा संरचानलाई प्रभावशाली हतियारका रूपमा उपयोग गरिएको छ । गुरुप्रसाद मैनालीले साहित्यमार्फत पितृसत्तात्मक सामाजिक परिवेशमा आदर्श नारी पात्र उभ्याउने प्रयास गरे तापनि यस कथाका छिद्रछिद्रबाट तत्कालीन समाजमा नारीमाथि हुने गरेका अन्याय, अत्याचार, शोषण, दमनहरू स्पष्ट रूपमा बुझ्न सकिन्छ । पितृसत्तात्मक सामाजिक संरचनामा नारीहरू आफ्ना इच्छाहरू मारेर कसरी कुण्ठित जीवन बाँचेका थिए भन्ने कुरा कथाका प्रतिनिधि नारी पात्र सुभद्रा, लक्ष्मी र नौलीमार्फत स्पष्ट भएको छ । नारीमाथि हुने गरेका शोषण, दमनका विरुद्धमा आवाज उठाउन सक्ने चेतना तथा क्षमताको विकास नारीहरूमा गरिएको छैन । अरूका लागि आदर्श नारी भनाउन आफूमाथि हुने गरेका शोषण र दमनका विरुद्धमा घरै त्यागे पनि फेरि आफैलाई दोष दिएर फर्केर आएको देखाइएको छ । कथाकारको उद्देश्यअनुरूप पितृसत्तात्मक पुरुषवादी संस्कारहरूलाई राम्रोसँग स्वीकार गरी मौन बस्न बाध्य पारिएको छ । यसबाट सदियौँदेखि पितृसत्ताले धर्म, सरकारका नाममा अनेक कुसंस्कृति निर्माण गरेर नारीहरूलाई आफ्नो नियन्त्रणमा राख्ने प्रयास गरेको कुरा पुष्टि हुन्छ । यसैका प्रभाव र उपज स्वरूप 'नासो' कथा जन्मिएको देखिन्छ ।

यस कथामा नारी चरित्रमा निहित कुण्ठा तथा विद्रोही भावनालाई शोषण र दमनका विरुद्धमा उपयोग नगरी यथास्थितिमा नै छोडिएको छ । नारीमैत्री सामाजिक परिवर्तनको कुनै सङ्केत छोडिएको छैन । पारिवारिक उत्पीडन सहन नसकेर घर छोडेर हिँडेकी सुभद्रा आफैलाई दोष दिएर, विद्रोह नगरीकन आफ्नो कर्तव्य र दायित्वबोध गरेर लोग्नेको घर फर्केको देखाउनुमा पितृसत्तालाई जोगाउने तथा देवीरमणजस्ता पुरुष सधैं दयालु र मायालु बनाउन खोज्ने कथाकारको सोचले काम गरेको छ । यही कुरालाई कथाकारले आदर्श नारीमा हुनुपर्ने गुणका रूपमा सावित गर्न खोजेका छन् । यसले नारीहरूले यसरी नै पुरुषवादी आदर्श मूल्य, मान्यताहरू अनुशरण गरिरहनु भन्ने कथाकारको उद्देश्य रहेको कुरा स्पष्ट देखिन्छ । नारी चरित्रमा भएका विद्रोहका ज्वालाहरूलाई कथाकारले सकेसम्म छोपछाप गर्ने प्रयास गरेका छन् । जति छोप्न खोजे पनि तत्कालीन समाजमा नारीमाथि हुने गरेका अन्याय, शोषणहरू यस कथाबाट स्पष्ट रूपमा बुझ्न सकिन्छ । पितृसत्तात्मक सामन्ती सोचबाट प्रभावित कथाकारका भावनाहरूलाई पनि यस कथाले स्पष्ट पारेको छ । यस कथाले पितृसत्तात्मक सामन्ती संस्कार र चिन्तन भएकाहरूलाई मलजल गरेको छ । नेपाली समाजमा पितृसत्ताका आडमा पुरुषहरूले आफ्नो स्वार्थअनुकूल नारीहरूलाई उपयोग गर्ने, बालविवाह गर्ने तथा बहुविवाह गर्ने हुँदा विवाह नै नारीहरूका निम्ति अन्याय, शोषण, दमन खेप्नुपर्ने दुःख र उत्पीडनको कारक बनेको देखिन्छ । कथामा सामन्ती सोच, भाग्यवादी प्रवृत्ति र धार्मिक संस्कारमा तालमेल मिलाएर नारीहरूमाथि गरिएको शोषण, दमनलाई दाया, मायाको भिख दिएर आदर्शका आधारमा भ्रम पार्ने प्रयास गरिएको छ । यस कथाले घरभित्रबाट निस्किएको चित्कारलाई घरभित्रै सीमित पारी नारीहरूलाई अधीनस्त बनाउन सहयोग पुऱ्याइएको छ । त्यसैले 'नासो' कथामा नारीप्रतिको दृष्टिकोण पितृसत्तात्मक समाजको सामन्ती संस्कृतिबाटमाथि उठ्न सकेको छैन । यसबाट नारी अस्तित्व र अस्तित्वमाथि खेलवाड गर्ने तत्कालीन समाजिक परिवेश रहेको कुरा स्पष्ट हुन्छ । नारी मूल्य र मान्यतालाई सचेत रूपमा स्थान नदिनुमा कथाकारको सोच तथा चेतनाको स्तरले काम गरेको छ । गरिबी र अभावमा बाँचेका नारीहरू पुरुषहरूकै

कठपुतली बनेका तीतो यथार्थ अहिलेसम्म पनि कायम रहेको छ । धार्मिक र सांस्कृतिक परम्पराप्रति आस्थावान् पुरुष लेखकको भावुक तथा खोक्रो आदर्शको दृष्टिकोणमा केन्द्रित भएर यस कथाको कथावस्तु आएको छ । यसले अज्ञानताका कारण नारीहरू पितृसत्ताकै अहङ्कारका पक्षमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उभिँदा आफै पुरुषसँग दयाको भिख मागेर बाँच्नुपर्ने कारुणिक स्थिति सिर्जना हुने कुरा स्पष्ट पारेको छ ।

## सन्दर्भ सामग्री


उप्रेती, सञ्जीव (२०७८). *सिद्धान्तका कुरा* (तेस्रो संस्क.) काठमाडौँ : अक्षर क्रियसन नेपाल ।

एटम, नेत्र (२०६१). *समालोचनाको स्वरूप.* ललितपुर : साझा प्रकाशन ।

एटम, नेत्र (२०७७). 'मोदिआइन उपन्यासमा पर्यावरणीय नारीवाद', प्रज्ञा. गोविन्द पौडेल र अन्य (सम्पा.) विज्ञ समीक्षित अर्धवार्षिक शोधपत्रिका (अङ्क २. पूर्णाङ्क १२०. साउन-पुस). काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, कृष्ण (२०५०). *आधुनिक आलोचना : अनेक रूप, अनेक पठन.* ललितपुर : साझा प्रकाशन

जेटकिन, क्लारा (२०५७). *महिला मुक्तिको बारेमा. अनुवाद.* काठमाडौँ : प्रगति पुस्तक सदन ।

त्रिपाठी, सुधा (२०६७). *नारीवादको कठघेरामा नेपाली साहित्य.* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, सुधा (सन् २०१२). *नारीवादी सौन्दर्य चिन्तन.* काठमाडौँ : भृकुटी एकेडेमी पब्लिकेसन्स ।

त्रिपाठी, सुधा (२०७१). *नारीवादका सन्दर्भमा आमूल नारीवाद, जुगल सैद्धान्तिक नेपाली समालोचना.* (सम्पा). राजेन्द्र सुवेदी. काठमाडौँ : जुगल पब्लिकेसन प्रा.लि. ।

पाण्डेय, ताराकान्त (२०६८). *अर्थको आनन्द.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

बराल, ऋषिराज (२०५२). *मार्क्सवाद र उत्तरआधुनिकतावाद.* विराटनगर : सविता बराल ।

बराल, ऋषिराज (२०६७). *मार्क्सवाद र उत्तरआधुनिकतावाद* (दोस्रो संस्करण). काठमाडौँ : साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

मैनाली, गुरुप्रसाद (२०२०). 'नासो' काठमाडौँ : साझा प्रकाशन ।

यमि, हिसिला र बाबुराम भट्टराई (२०६३). *मार्क्सवाद र महिला मुक्ति* (दोस्रो संस्करण). काठमाडौँ : टु लाइन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६४). *नेपाली गद्य र भाषा साहित्य.* (दोस्रो संस्करण). काठमाडौँ : नवीन प्रकाशन ।